# जडीबुटीखेती गरेर वार्षिक सातलाखसम्म आम्दानी लिँदै वडाध्यक्ष शेर्पा

**भोजपुर (रासस) :** भोजपुरको षडानन्द नगरपालिका- १० साम्पाङका वडाध्यक्ष प्रेमदोर्ची शेर्पा व्यावसायिक जडीबुटी खेतीमा उदाहरणीय हुनुहुन्छ । उहाँले जनप्रतिनिधि भएर जनताको सेवासँगै जडीबुटीखेती गर्दै आउनु भएको छ । थोरै समय दिएर पनि जडीबुटीको बिक्रीबाट वार्षिक रू पाँचदेखि सात लाखसम्म आम्दानी गर्दै आएको शेर्पाले बताउनुभयो ।

आफ्नो बहुउद्देश्यीय जडीबुटी नर्सरी केन्द्र मा अहिले पनि ६० इ्याङमा विभिन्न जातका जडीबुटीको बिरूवा रहेको उहाँको भनाइ छ । आफ्नो घर भएको स्थान तीनतलेमा २२ वर्ष अघिबाट चिराईतो, सतुवा, लोठसल्ला, सेतक चिनी, सिमखुदोलगायतको खेती गरिरहेको वडाध्यक्ष शेर्पाले बताउनुभयो ।



जनताको सेवा पश्चात बचेको समयलाई जडीबुटी खेतीमा लगाउने गरेको उहाँको भनाइ छ । "जनताको सेवाबाट बेचेको समयलाई जडीबुटी खेतीमा लगाउने गर्छु,"वडाध्यक्ष शेर्पाले भन्नुभयो,"जडीबुटीबाट राम्रो आम्दानी गरिरहेको छु । गत वर्षबाट १२ मन (एक मनमा ४० केजी) चिराइतो बेचें । अन्यबालीको तुलनामा जडीबुटीबाट दोब्बरको हारहारीमा आम्दानी लिन सकिन्छ । "आर्थिक रूपमा सक्षम बन्नको लागि राजनीतिसँगै कृषि उद्यममा जोडिएको वडाध्यक्ष शेर्पाले बताउनुभयो । फर्मबाट सतुवाको बिरूवा, चिराइतोको बोट बीउ, पात, डुट्टोलगायत बिक्री गर्दै आएको उहाँको भनाइ छ । तीनतले क्षेत्रमा जडीबुटीको लागि उपयुक्त भूगोल रहेकोले राम्रो आम्दानी लिन सहज भएको उहाँको भनाइ छ ।

"उत्पादन भएको जडीबुटी बिक्रीको लागि समस्या छैन"उहाँले भन्नुभयो,"जडीबुटी खरिदको लागि घरमा नै ठेकेदार आउछन् । हाम्रो क्षेत्रका प्रायः सबै स्थानीयले जडीबुटीको खेती गरिरहेका छन् । औषत यहाँका एक किसानले वार्षिक रूपमा रू दुई लाखदेखि दश लाखसम्मको जडीबुटी बिक्री गर्दछन् । "परम्परात बालीभन्दा जडीबुटी खेतीबाट राम्रो आम्दानी हुने शेर्पाले अनुभव सुनाउनुभयो । रू दश हजारको अन्यबाली उत्पादन हुने जमिनमा जडीबुटी खेतीबाट रू ५० हजारसम्म आम्दनी लिन सकिने उहाँको भनाइ छ । आफूले सिकेको सीपलाई जडीबुटीमा लागेका नवआगन्तुकलाई बाँड्ने गरेको उहाँको भनाइ छ । वडाको तर्फबाट पनि जडीबुटी खेतीमा लाग्नेहरूको लागि प्रोत्साहनको कार्यक्रम सञ्चालन गरिरहेको उहाँको भनाइ छ । आफ्नो फर्ममा उत्पादन भएको जडीबुटीको बिरूवा बाह्य जिल्लामासमेत निर्यात हुने गरेको शेर्पाले जानकारी दिनुभयो । "मसँग जडीबुटी खेतीसम्बन्धी राम्रो ज्ञान छ" उहाँले भन्नुभयो,"आफूले सिकेको सीपलाई स्थानीयलाई पनि बाइने गरेको छु । म जनप्रतिनिधि भएपछि हाम्रो क्षेत्रलाई जडीबुटीको पकेट क्षेत्र घोषणा गर्न सफल भएका छौं ।" आफूले पहिलाबाट नै कृषि कर्म गरिरहेकाले जनप्रतिनिधि भएपछि पनि यसलाई निरन्तरता दिइरहेको उहाँको भनाइ छ । राजनीति सेवा भएकाले आर्थिक रूपमा सबल बन्नको लागि पेसा, व्यवसायमा लाग्न आवश्यक रहेको उहाँले बताउनुभयो ।

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चरिकोट दोलखा,
बागमती प्रदेश, नेपाल ।

करार सेवामा जनशक्ति पदपूर्ति गर्ने सम्वन्धी सूचना !

(सूचना प्रकाशित मिति : २०८२/०५/०३)

यस कार्यालयको आ.ब. २०८२/०८३ को लागि बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गतका शहरी स्वास्थ्य केन्द्र र आधारभूत स्वास्थ्य केन्दहरुमा कर्मचारीहरु करार सेवामा लिनुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र कार्यालय समयमा दरखास्त पेश गर्नुहुन सम्वन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क.स. | विज्ञापन नं. | पद | तह | आवश्यक संख्या | न्यूनतम् शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ४-०८२/८३ | अ.हे.व. | सहायक चौथो | ३ जना | • मान्यता प्राप्त शैक्षिक संस्थावाट AHW विषय उतीर्ण गरेको वा सो सरह हुनुपर्ने । | |

१) **दरखास्त फारामसाथ संलग्न गर्नुपर्ने कागजातहरु :**

- नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
- योग्यता तथा अनुभव भए सो को प्रमाण पत्रको प्रतिलिपि
- काउन्सिलमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि
- आवेदकको वैयक्तिक विवरण (बायोडाटा)
- हालसालै खिचेको पासपोर्ट साईजको २ प्रति फोटो ।

२) **दरखास्त पेश गर्ने :** भीमेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, प्रशासन शाखा वा कार्यालयको इमेल ठेगाना vacancy.bhimeshwor@gmail.com मा समेत पेश गर्न सक्नुहुनेछ ।

३) **उमेरको हद :** १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको ।

४) **आवेदन पेश गर्ने अन्तिम मिति :** प्रथम पटक सूचना प्रकाशित भएको मितिले २०८२/०६/०१ गते कार्यालय समय भित्र ।

५) **पाठ्यक्रम :** लोक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम बमोजिम हुनेछ ।

६) **परीक्षाको किसिम :**, लिखित र अन्तर्वार्ता ।

७) **परीक्षा दस्तुर :** रु ५००/- (यस कार्यालयको नाममा रहेको नेपाल बैक लिमिटेड, चरिकोट शाखाको आन्तरिक राजश्व खाता नं. १३००३०००००१००१००००००३ मा जम्मा गरी सो को भौचर पेश गरेको हुनुपर्ने ।)

८) **सेवा सुविधा र शर्तहरु :** कार्यालयले तोके बमोजिम हुनेछ ।

९) **सम्पर्क मिति :** सूचना प्रकाशन भएको मिति २०८२/०६/०५ गते कार्यालय समयभित्र ।

१०) **थप जानकारीका लागि :** प्रशासन शाखा, भी.न.पा.को कार्यालय वा कार्यालयको वेवसाईट www.bhimeshwormun.gov.np बाट समेत प्राप्त गर्नसक्नुहुनेछ ।

# सोमबार नेप्से परिसूचक बढ्यो



**चरिकोट (दीस) :** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सोमबार ९.१६ अंकले वृद्धि भई २७७०.३९ विन्दुमा कायम भएको छ।

नेप्सेका तथ्याङ्कअनुसार ३२० कम्पनीका १ करोड ५२ लाख २९ हजार ८२१ कित्ता शेयर ६७ हजार ९५९ पटक किनबेच हुँदा ६ अर्ब १७ करोड ९८ लाख ५५ हजार २०९ रूपैयाँ बराबरको कारोबार सम्पन्न भएको छ।

कारोबार रकमका आधारमा नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेड अग्रस्थानमा रहेको छ, जसको २१ करोड ७४ लाख २८ हजार ८३१ रूपैयाँ बराबरको कारोबार भएको हो । त्यस्तै, शेयर संख्याका आधारमा लिबर्टी इनर्जी कम्पनी लिमिटेड शीर्ष स्थानमा पुगेको छ, जसका ६ लाख २७ हजार १३८ कित्ता शेयर किनबेच भएको थियो।

# विपिन जोशीको शीघ्र रिहाइका लागि हर सम्भव पहल जारी छ : प्रधानमन्त्री ओली

**चरिकोट (दीस) :** प्रधानमन्त्री केपी शर्मा ओलीले इजरायलमा हमास समूहले बन्धक बनाएका नेपाली नागरिक विपिन जोशीको सुरक्षित र शीघ्र रिहाइका लागि नेपाल सरकार हर सम्भव पहलमा जुटिरहेको स्पष्ट गर्नुभएको छ।

सोमबार सामाजिक सञ्जाल फेसबुकमार्फत जानकारी दिँदै प्रधानमन्त्री ओलीले सरकार विपिनको सुरक्षालाई प्राथमिकतामा राखी आवश्यक पहल निरन्तर भइरहेकामा जोड दिनुभयो। उहाँका अनुसार, "विपिनको सुरक्षित र शीघ्र रिहाइ सुनिश्चित गर्न परराष्ट्र मन्त्रालयले खाडी क्षेत्रका दूतावासमार्फत लगातार संवाद गरिरहेको छ।"

प्रधानमन्त्री ओलीले थप भन्नुभयो, "इजरायलस्थित हाम्रो दूतावासको समन्वयमा विपिनकी आमा पद्मा र बहिनी पुष्पाले महामहिम राष्ट्रपति आइज्याक हर्जोग तथा संसद् अध्यक्ष अमिर ओहानासँग भेट गरी विपिनको रिहाइका लागि पहल गर्न आग्रह गर्नुभएको छ।"

जोशीको खोजी र रिहाइमा सहयोग गर्ने सबै पक्षप्रति प्रधानमन्त्री ओलीले आभार प्रकट गर्नुभएको छ।

# नेपालको लगातार तेस्रो हार

**चरिकोट (दीस) :** अस्ट्रेलियामा जारी टप एन्ड टी-ट्वान्टी सिरिजमा नेपालले खराब लयलाई निरन्तरता दिएको छ । सोमबार भएको खेलमा लगातार तेस्रो हार बेहोर्दै नेपाल फेरि पराजित भएको हो।

मेलबर्न स्टार्सले सोमबार नेपाललाई ३१ रनले हराएको छ। पहिले ब्याटिङ गरेको स्टार्सले २० ओभरमा ७ विकेट गुमाउँदै १ सय ७६ रनको चुनौती दिएको थियो। त्यसको जवाफी इन्निङ्समा नेपालले २० ओभरमा ७ विकेट गुमाउँदै १ सय ४४ रन मात्र जोड्न सक्दा हार बेहोरेको छ ।

नेपालका ओपनर कुशल भुर्तेलले २५ रन, आसिफ शेखले अर्धशतकसहित ५३ रन र कप्तान रोहित पौडेलले ३३ रन बनाए पनि हार टार्न भने सकेनन् । नेपालका अन्य ब्याटरहरुले उल्लेख्य प्रदर्शन गर्न नसक्दा टोलीले हार बेहोरेको छ।

त्यसअघि टस जितेर ब्याटिङ गरेको मेलबर्न स्टार्सका थोमस रोजर्स र बेल्क म्याकडोलान्डले दोस्रो विकेटका लागि शतकीय साझेदारी गर्दै टोलीको इनिङ्स उकासेका थिए। उनीहरुले १ सय २२ रनको साझेदारी गर्दै अर्धशतक बनाएका थिए।

नेपालका तर्फबाट सन्दीप लामिछानेले ४ ओभरमा २६ रन खर्चेर ३ विकेट लिन सफल भएका थिए। सोमपाल कामी र सहाब आलमले १/१ विकेट झारेका थिए।

यसअघि नै नेपाल नर्दन टेरिटोरी स्ट्राइक र बङ्लादेश 'ए' टिमसँग पराजित भइसकेको छ। प्रतियोगितामा नेपालका अझै ३ खेल बाँकी छन्। तर लगातार हारसँगै विश्वकप छनोट तयारीमा रहेको नेपालको प्रदर्शनप्रति प्रश्नचिन्ह खडा हुन थालेको छ।